# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/०९/०८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---

जिल्ला कपिलवस्तु, शिवराजमौजे लक्ष्मणपुर बस्ने मेघबहादुर सिंह क्षेत्रीको छोरा माधवबहादुर सिंह क्षेत्रीले ईलाका प्रशासन कार्यालय, त्रिभुवनबस्ती, कन्चनपुरबाट १७ वर्ष उमेर घटाई जारी मिति २०४४।११।१३ मा जन्म मिति १६ वर्ष उल्लेख गरी नेपाली नागरिकताको प्रमाणपत्रको पत्रिलिपि लिएको पाईएको भन्ने समेत व्यहोराको पत्र उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानबिन हुंदा निज माधवबहादुर सिंह क्षेत्रीको उमेर थपघट गरि दिए बापत शाखा अधिकृत जितेन्द्र वि.क. र नायब सुब्बा सुभाष सिं रावलले रु. १०,०००।— (दश हजार) घुस/रिसवत लिई प्रमाणपत्रको प्रतिलिपि जारी गर्ने कार्य गरे गराएको पुष्टी हुन आएकोले निजहरु शाखा अधिकृत जितेन्द्र वि.क. र नायब सुब्बा सुभाष सिं रावलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) को देहाय (क) बमोजिमको कसुर गरेको देखिएकोले निजहरू शाखा अधिकृत जितेन्द्र वि.क. र नायब सुब्बा सुभाष सिं रावललाई बिगो रु. १०,०००।— (दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) को देहाय (क) बमोजिम जरिवाना तथा कैद सजाय हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) बमोजिम घुस/रिसवत लिएको बिगो रु. १०,०००।— (दश हजार) निजहरूबाट असुल गरी जफत हुन मागदाबी लिने र माधवबहादुर सिंह क्षेत्रीले राष्ट्रसेवक कर्मचारीहरूलाई आफ्नो नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपिमा उमेर कम देखाई थपघट गर्न गराउन रू. १०,०००।— (दश हजार) घुस/रिसवत दिएको पुष्टी भएकोले निज माधवबहादुर सिंह क्षेत्रीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (३) बमोजिमको कसुर गरेको देखिएकोले निज माधवबहादुर सिंह क्षेत्रीको हकमा बिगो रु. १०,०००।— (दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) को देहाय (क) बमोजिम जरिवाना तथा कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता